नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

## प्रेस विज्ञप्ति

पत्र संख्याः-
च.नं.: -

कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि दैनिक रुपमा सम्पादित कार्यहरूको सन्दर्भमा गृह मन्त्रालयका अनुसार अक्सिजन उत्पादन, आपूर्ति र वितरणलाई प्रभावकारी बनाउन असार ३ गते २१९ स्थानमा अनुगमन भएको छ। विगत २४ घण्टामा निषेधाज्ञा उल्लङ्घन गर्ने ३,०१२ सवारीसाधनलाई र मास्क प्रयोग नगरी हिडडुल गर्ने २,०७३ जनालाई कारवाही गरिएको छ। असार ३ गते देशभरका विभिन्न सीमानाकाहरूबाट २,७५४ नेपाली नागरिकहरूले नेपाल प्रवेश गरेका छन्।

अर्थ मन्त्रालयका अनुसार कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारको लागि २६,५३,०६३ थान मेडिकल उपकरणहरू, १६ के.जी. कोभिड-१९ टेस्ट किट र ६,०१६ के.जी. स्यानिटाईजर लगायतका औषधीहरू पैठारी भएको छ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार काठमाडौं उपत्यका भित्र ४,९९० र काठमाडौं उपत्यका बाहिर ७,५४५ गरी जम्मा १२,५३५ सिलिण्डर अक्सिजन आपूर्ति भएको अवस्था छ। साथै, देशभर सबै अक्सिजन उद्योगहरू संचालनमा रहेका छन्। संयुक्त बजार अनुगमन टोली बाट अत्यावश्यक दैनिक उपभोग्य वस्तुको नियमित बजार अनुगमनको क्रममा ८ वटा स्वास्थ्य सामग्री फर्मको अनुगमन भएकोमा ३ वटा फर्मलाई रु. ४०,००० जरिवाना गरिएको छ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका अनुसार गत २४ घन्टामा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका साथै पोखरा, नेपालगन्ज, सुर्खेत र लुक्ला विमानस्थलबाट विभिन्न वायुसेवाले ३१ आन्तरिक उडान भरी ८८ यात्रुको उद्धार गरिएको र कुल उडानमध्ये मेडिकल उद्धार को उडान संख्या २६ रहेको छ।

२०७८/०३/०४

किरणराज शर्मा
सहसचिव

टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np